बैठक संख्याः १८४/०५/२०८२/०८३
मिति :२०८२/०८/१९
समय : बिहान ८.०० बजे

आज मिति २०८२/०८/१९गते शुक्रबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. | श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. | श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. | श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. | श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. | श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. | श्री चक्रबहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. | श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. | श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. | श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. | श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. | श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. | श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. | श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. | श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. | श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. | श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. | श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. | श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. | श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. | श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## १८४ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८२/०८/१९ गते

**निर्णय नं. १:** १८३ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

**निर्णय नं. २:** शुक्लाफाँटा नगर शिक्षा समितिको मिति २०८२/०८/१४ गते बसेको नगर शिक्षा समितिको बैठकका निर्णय नं. १ देखि १७ सम्मका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** यस नगरपालिका अन्तरगत रहेका अनुमति नलिई निर्माण भएका घरहरुलाई **शुक्लाफाँटा नगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८०** बमोजिम अभिलेखिकरणको लागि मिति २०८२/०९/०१ गते देखि २०८२/१२/०१ गते सम्म सार्वजनिक सूचना आह्वान गर्ने ।

**निर्णय नं. ४:** शुक्लाफाँटा नगरपालिकाको संगठन संरचनामा देहाय बमोजिम दरबन्दी थप गरी संशोधनका लागि नगर सभा समक्ष पेश गर्ने ।

**देहायः**

१) वारुणयन्त्र चालक

२) हलुका सवारी चालक (एम्बुलेन्सको लागि)

**निर्णय नं. ५:** शुक्लाफाँटा नगरपालिका नगर शिक्षा समिति कंचनपुर समेतलाई बिपक्षि बनाई सम्मानित उच्च अदालत दिपायल, महेन्द्रनगर ईजलासमा चलेको रिट निवेदन नं. ०८२-WO-००१३ को मुद्दाको लिखित जवाफ मस्यौदा तयारी तथा बहस पैरवी गर्न अधिवक्ता सुरेन्द्र प्रसाद उप्रेतीलाई नियुक्त गर्ने र लिखित जवाफ तयार तथा पेश गर्न शिक्षा अधिकृत सुरेश प्रसाद भट्टलाई आधिकारीक प्रतिनिधि (वारेस) तोक्ने सम्बन्धि यस कार्यालयको मिति २०८२/०८/१७ गतेको निर्णय समर्थन गर्ने ।

**निर्णय नं. ६:** शुक्लाफाँटा नगरपालिका वडा नं. ८ अनौखि खोलाबाट नदीजन्य पदार्थ व्यबस्थापन गर्ने ठेक्का (SMP/082-83/NCB/IR/06) र शुक्लाफाँटा नगरपालिका वडा नं. ८ गौडी खोलाबाट नदीजन्य पदार्थ व्यबस्थापन गर्ने ठेक्का (SMP/082-83/NCB/IR/07) दुईपटक सूचना आह्वान गर्दा समेत कुनै पनि बोलपत्रदाताहरुबाट प्रस्ताव प्राप्त नभएकोले सो ठेक्काको लागि १५ दिन म्याद राखि पुनः तेस्रो पटक सूचना आह्वान गर्ने ।

रण बहादुर महरा
नगर प्रमुख

निर्णय नं. ७: शुक्लाफाँटा नगरपालिका वडा नं. १ स्थिति सुकुम्वासी दलित मुक्त हलियाहरुलाई आवास निर्माण गर्ने प्रयोजनको लागि जग्गा खरिद भैसकेको र हाल सम्म आवास भवनहरु निर्माण नभएको विषयमा आवश्यक जाँचबुझ गरि १५ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय देहाय वमोजिमको समिति गठन गर्ने ।

देहायः

क) प्रमुख प्रशासकीय अधिकृत श्री खेमराज बिष्ट -संयोजक

ख) ईन्जिनीयर श्री लोकेन्द्र राज भट्ट - सदस्य

ग) सब ईन्जिनियर श्री मोनिका जोशी - सदस्य

घ) सर्भेक्षक श्री सुरेश पन्त - सदस्य

ङ) अमिन श्री हेमराज अवस्थी - सदस्य

च) कार्यालय सहयोगी श्री पदम बहादुर ऐर - सहयोगी

निर्णय नं. ८: सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यबस्थापन कार्यविधि, २०७५ र सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०८२ बमोजिम माटो उत्खनन तथा बेचबिखनको रोयल्टी संकलनका लागि नगर प्रहरीलाई परीचालन गर्ने ।

रण बहादुर महरा
नगर प्रमुख